# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१/०८/१६)**

अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड, नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको वित्तीय कारोवार गर्न इजाजतपत्र प्राप्त राष्ट्रियस्तरको कार्यक्षेत्र भएको वित्तीय संस्था हो । यस वित्तीय संस्थालाई तपसिल अनुसारका रिक्त पदमा योग्यता पुगेका नेपाली नागरिकबाट खुल्ला दरखास्त आव्हान गरिन्छ । योग्य आवेदकबाट रितपूर्वक भरिएको दरखास्त फाराम, बायोडाटा, नागरिकता, फोटो र शैक्षिक योग्यताहरुको प्रमाणपत्रका साथै तोकिएको कार्य अनुभव खुल्ने कागजातसहित विज्ञापन प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (मिति २०८१।०८।३० सम्म) **vacancy.aviyan@gmail.com** मा मेल गर्न वा वित्तीय संस्थाको केन्द्रीय कार्यालय पनौती न.पा.-४, ठाडोबाटो, काभ्रेपलाञ्चोकमा बुझाउन सकिनेछ । छनौट सूचीमा परेका आवेदकलाई टेलिफोनमार्फत जानकारी गराईनेछ ।

| क्र.स. | विज्ञापन नं. | पद | संख्या | श्रेणी | न्यूनतम शैक्षिक योग्यता तथा अनुभव | थप अनुभव तथा प्राथमिकता |
|---|---|---|---|---|---|---|
| १. | १/०८१/८२ | प्रवन्धक/सहायक प्रबन्धक | २ | व्यवस्थापकीय | मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातकोत्तर वा सोसरहको परीक्षा उत्तिर्ण गरेको वा स्नातक गरी वित्तीय क्षेत्रमा कम्तिमा ५ वर्ष सेवा अवधिको अनुभव भएको । | व्यवस्थापनमा स्नातक गरी लघुवित्त वित्तीय संस्थाको आन्तरिक लेखा परिक्षण/कर्जा लगानी तथा असुली विभागमा कार्य अनुभव भएको । |
| २. | २/०८१/८२ | अधिकृत | २ | अधिकृत | मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक वा सोसरहको परीक्षा उत्तिर्ण गरेको वा प्रविणता प्रमाणपत्र वा सोसरहको परीक्षा उत्तिर्ण गरी वित्तीय क्षेत्रमा कम्तिमा ५ वर्ष सेवा अवधिको अनुभव भएको । | व्यवस्थपनमा प्रविणता प्रमाणपत्र वा सोसरहको परिक्षा उत्तिर्ण गरी लघुवित्त संस्थाको सूचना प्रबिधि विभागमा (CBS, Networking, Digital Banking, Financial Reporting सम्बन्धीको कार्य अनुभव भएको)/लघुवित्त वित्तीय संस्थाको अन्य विभाग, प्रदेश, अनुगमन कार्यालयमा कामको अनुभव भएको । |
| ३. | ३/०८१/८२ | सुपरभाइजर | ७ | सहायक | प्रविणता प्रमाणपत्र वा सोसरहको परीक्षा उत्तिर्ण गरी वित्तीय क्षेत्रमा कम्तिमा २ वर्ष सेवा अवधिको अनुभव भएको । | व्यवस्थापनमा प्रविणता प्रमाणपत्र वा सोसरहको परिक्षा उत्तिर्ण गरी लघुवित्त वित्तीय संस्थाको शाखा प्रमुखको अनुभव भएको । |
| ४. | ४/०८१/८२ | वरिष्ठ सहायक/सहायक | १३ | सहायक | प्रविणता प्रमाणपत्र वा सोसरहको परीक्षा उत्तिर्ण गरी वित्तीय क्षेत्रमा कम्तिमा २ वर्ष सेवा अवधिको अनुभव भएको । | प्रविणता प्रमाणपत्र वा सो सरहको परीक्षा उत्तिर्ण गरी लघुवित्त वित्तीय संस्थाको लेखा तथा फिल्ड सम्बन्धी कामको अनुभव भएको । |
| ५. | ५/०८१/८२ | कनिष्ठ सहायक (प्रशिक्षार्थी) | १५ | सहायक | एस.एल.सी वा सो सरहको परीक्षा उत्तिर्ण गरेको । | मोटरसाईकल/साइकर्ल चलाउन सक्ने, पहाडी तथा ग्रामीण क्षेत्रमा गएर काम गर्न सक्नेलाई प्राथमिकता दिईनेछ । |

**१. उमेरको हद :** आवेदन बुझाउने अन्तिम मितिमा सहायक श्रेणीमा १८ वर्ष पूरा भई ३५ ननाघेको । अधिकृत श्रेणीमा २१ वर्ष पूरा भई ४० बर्ष ननाघेको । व्यवस्थापकिय श्रेणीमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको तर महिला आवेदकको हकमा माथिल्लो उमेरमा ५ वर्ष थप हुनेछ ।

**२. तलव भत्ता तथा सुविधा :** वित्तीय संस्थाको नियम अनुसार हुनेछ ।

**३. कार्य गर्नुपर्ने स्थान :** वित्तीय संस्थाले तोकेका कार्यालय

**४. दरखास्त फाराम पाउने स्थान :** यस वित्तीय संस्थाको वेभसाइट : **www.aviyanlaghubitta.com** मा गई डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

**५. छोटो सूची प्रकाशन :** वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा प्रकाशन गरिनेछ ।

**६. परिक्षाको किसिम :** विज्ञापन नं. १, २, ३ र ४ का लागि प्रस्तुतीकरण र अन्तरवार्ता, विज्ञापन नं. ५ कनिष्ठ सहायक (प्रशिक्षार्थी) को लागि लिखित र अन्तरवार्ता हुनेछ ।

७. कुनै कारण जनाई वा नजनाई विज्ञापन आंशिक वा पूर्ण रुपमा रद्द गर्ने र आवेदन स्वीकार/अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा निहित रहने छ ।

**अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड**
**Aviyan Laghubitta Bittiya Sanstha Ltd.**
नेपाल राष्ट्र बैंकबाट "घ" बर्गको ईजाजत प्राप्त राष्ट्रियस्तरको कार्यक्षेत्र भएको संस्था

केन्द्रीय कार्यालय, पनौती-४, काभ्रेपलाञ्चोक
फोन नं.: ०११-४४१०२७, ४४१०२८
E-mail : aviyanlaghu@gmail.com
Website : www.aviyanlaghubitta.com